CITY HOTEL

मितिः २०८२/१०/२२

चलानी नं : ०९०।०८२।०८३

श्री नेपाल स्टक एक्सचेन्ज लि.,

सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषयः १० औवार्षिक साधारण सभाको बैठकको निर्णय विवरण सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस सिटि होटल लि. (लि. दर्ता नं १५३११९) को १०औ वार्षिक साधारण सभा मिति २०८२।०९।२८ गते बिहानको ११ बजे कालिमाटि ब्याङक्वेट, कालिमाटिमा बसी सम्पन्न भएको छ ।यस साधारण सभाको निर्णय तथा कामकारवाहीको विवरण यसै पत्रका साथ संलग्न गरि पेश गरिएको व्यहोरा अनुरोध छ ।

भवदीय,

CITY HOTEL KATHMANDU

सुन्दर बहादुर सेनी
कम्पनी सचिव
सिटि होटल लिमिटेड
कम्पनी सचिव

बोदार्थः

१. श्री नेपाल धितोपत्र बोर्ड,खुमलटार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।
३. श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाडौं ।

CITY HOTEL LIMITED
Chinnalata Chowk, Soalteemode, Kathmandu Metropolitan City-13, Nepal
T: +977-1-5671200/5912813 . W: www.cityhotel.com.np . E: info@cityhotel.com.np

Scanned with CamScanner

# सिटी होटल लिमिटेड
## १० औ वार्षिक साधारण सभाको माईन्यूट

यस सिटी होटल लिमिटेडको सञ्चालक समितिका अध्यक्ष श्री शक्ति कुमार गोल्याण ज्यू को अध्यक्षतामा देहायका स्थान मिति र समयमा कम्पनीको १० औं वार्षिक साधारण सभा सम्पन्न भयो । सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

**(१) सभाको मिति, स्थान र समय**

मितिः २०८२ साल पौष २८ गते (तद्नुसार १२,जनवरी,२०२६) सोमवारको दिन ।
स्थान : कालिमाटि व्याङक्येट,काठमाडौ ।
समय : विहान ११: ०० बजे ।

**(२) सभाको सुचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको १० औं वार्षिक साधारण सभाको लागि शेयर दाखिला दर्ता किताब बन्द रहेको सम्वन्धी सुचाना सहितको प्रारम्भिक संक्षिप्त सूचना कारोबार राष्ट्रिय दैनिकमा २०८२ पुष ६ गते तद्नुसार २१ डिसेम्वर २०२५ दिन प्रकाशित गरिएको थियो ।

त्यसैगरी, कम्पनीको १० औ वार्षिक साधारण सभा सम्वन्धी सुचना शेयरधनीहरुको जानकारीको लागि संक्षिप्त वार्षिक आर्थिक विवरण तयार पारि सञ्चालकको प्रतिवेदन सहितको कम्पनीको संक्षिप्त आर्थिक विवरण र आर्थिक वर्ष २०८१/०८२ को १० औं वार्षिक प्रतिवेदन र १० औं वार्षिक साधारण सभाको सुचना दोश्रो पटक कारोबार राष्ट्रिय दैनिकमा मिति २०८२ षौष ०७ गते तद्नुसार २२ डिसेम्वर २०२५ सोमबारका दिन सम्प्रेषण गरिएको थियो । साथै, कम्पनीको वार्षिक साधारण सभा सम्वन्धी सवै प्रकाशित सुचनाहरु र आर्थिक विवरणहरु कम्पनीको वेबसाईट www.cityhotel.com.np मा समेत शेयरधनी महानुभावहरुको जानकारीका लागि उपलब्ध गराइएको थियो ।

**(३) छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नु हुने आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।
(२) यस कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१।०८२ को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्यिटिमा भएको परिवर्तन सम्वन्धी विवरण लगायतको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसुचिहरु) उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।
(३) कम्पनी ऐनको दफा १११ बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने

**(ख) विविध**

(१) कम्पनीको भवनको खाली ठाँउ जनता एग्रो एण्ड फरेष्ट्रि लिमिटेडलाई भाडामा दिने सम्वन्धमा ।

CITY HOTEL LTD. KATHMANDU

Scanned with CamScanner

१. सञ्चालकहरुको उपस्थिति :

कम्पनीको १० औ वार्षिक साधारण सभामा (कम्पनी ऐन, २०६३ को दफा ६८(१) र उपदफा २ बमोजिम भिडियो कन्फरेन्स )

१. श्री शक्ति कुमार गोल्याण — अध्यक्ष
२.श्री अक्षय गोल्याण — सञ्चालक
३.श्री सुरभी गोल्याण (भिडियो कन्फरेन्स) — सञ्चालक
४.श्री कमलेस कुमार अग्रवाल, — सञ्चालक
५.श्री हरिश्चन्द्र सुवेदी — सञ्चालक
६.श्री प्रदीप राज पाण्डे — सञ्चालक
७. श्री तिलक कोइराला — सञ्चालक

२. सञ्चालकहरुको उपस्थिति :

१. श्री सुन्दर बहादुर सेनी — कम्पनी सचिव
२. श्री वाल्टर टोनी सेविओपेरेइरा — महाप्रबन्धक
३. श्री रोचक श्रेष्ठ — वित्त प्रवन्धक
४. श्री विजय पाण्डे — आन्तरिक लेखापरिक्षक
५. श्री शशांक गुरागाई — जोखिम व्यवस्थापन समिति सदस्य
६. श्री अजय ज्ञवाली — लेखा समिति सदस्य
७. श्री सुरज खत्री — फाइनान्स तथा एडमिन एस्सिस्टेन्ट

३.नियमक निकायहरुको उपस्थिति :

१. श्री मातृका खनाल, बरिष्ठ सहायक सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका, प्रतिनिधि ।
२. श्री नवराज सुवेदी, कम्पनी रजिष्ट्रारको कार्यालयका, प्रतिनिधि ।

४.शेयरधनीहरुको उपस्थिति :

१. कुल शेयरधनीहरुको उपस्थिति संख्या : १६८
   क) शेयरधनी स्वयम् : १६३
   ख) प्रतिनिधि मार्फत : ५
२. शेयरधनीहरुको उपस्थिति प्रतिशत :०.००२५
३. शेयरको प्रतिनिधित्व कित्ता :२,३३,५४,९९८
४. शेयरको प्रतिनिधित्व प्रतिशत :७७.५१

३.गणपूरक संख्या (कम्पनी ऐन,२०६३ को दफा ७३ बमोजिम)

| विवरण | कुल (शेयरधनी संख्या तथा शेयर कित्ता) | आफै र प्रोक्सीबाट गरी जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरु | ६७,२२८ | १६८ | ०.००२५ |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ३,०१,३२,००० | २,३३,५४,९९८ | ७७.५१ |

CITY HOTEL LTD. KATHMANDU

Scanned with CamScanner

**४.सभाको वैधानिकता :**

सभाको प्रारम्भमा कम्पनी सचिव ज्यूले उपस्थित कार्यकारी अध्यक्ष, सञ्चालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु लेखापरिक्षक,एवं उपस्थिति कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको १० औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र १० औं वार्षिक साधारण सभा गर्नका लागि शेयरधनीहरुको संख्या जम्मा १६८ जना र कुल शेयर संख्याको ७७.५१ % प्रतिशतको प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावली कम्पनी ऐन, २०६३ तथा प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

**५.सभाको सभापतित्व र सभा सञ्चालन**

सभाको वैधानिकता सुनिश्चित गरे पश्चात् कम्पनी सचिव ज्यूले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम १० औ वार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री शक्ति कुमार गोल्याण ज्युलाई गराउँदै विहान ११:०० बजे कम्पनीको १० औं वार्षिक साधारण सभाको काम कारवाही सञ्चालन गर्न सभापति ज्यूलाई हार्दिक अनुरोध गर्नुभयो । तत्पश्चात सभाका सभापति श्री शक्ति कुमार गोल्याणज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुदै १० औ वार्षिक साधारण सभाको कामकारबाही अगाडि बढाउनु भयो ।

**६.सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुती :**

क) सभाध्यक्ष ज्यूको अनुमतिले कम्पनी सचिवज्युले कम्पनीका सञ्चालक ज्यूहरु लाई आशन ग्रहण गराउनु भयो । आशन ग्रहण पश्चात अध्यक्ष ज्यूले स्वागतम मन्तव्य व्यक्त गर्नुभयो ।

ख) सभाको विषय सुचि बमोजिम अध्यक्ष ज्यूले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट सञ्चालक श्री हरिश्चन्द्र सुवेदी ज्यूले आर्थिक बर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन पेश गर्नु भयो ।

त्यसपछि अध्यक्ष ज्यूल ले प्रस्तुत गर्नु भएको आ.व. २०८१।०८२ को वार्षिक प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाव र अन्य वित्तीय विवरणहरु उपर छलफल गर्न आफ्नो प्रश्न, जिज्ञासा, सुझाव तथा मन्तव्यका लागि शेयरधनी महानुभावलाई अनुरोध गर्नुभयो र निम्न शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा सुझाव तथा मन्तव्य राख्नु भयो :

**१.शेयरधनी श्री सुन्दर रायमाझीज्यूले मन्तव्य, जिज्ञासा, राय तथा सुझाव व्यक्त गर्नुभयो ।**

- कम्पनीको वित्तीय अवस्थाको समीक्षा गर्दा ऋणको मात्रा केही उच्च देखिएको छ। यसमा सञ्चालक समितिमा नयाँ तथा युवापुस्ताको अनुभव र ऊर्जालाई उपयोग गर्दै वित्तीय व्यवस्थापनमा भविष्यमा सुधार गर्न, दिगो रणनीति अवलम्बन गर्न तथा शेयरधनीहरूको हितलाई सर्वोपरि केन्द्रमा राखी कम्पनीको समग्र कार्यसम्पादन अझ प्रभावकारी बनाउन सुझाव सहित साधारण सभाको सफलताको कामना गर्नुभयो ।

**२.शेयरधनी श्री युगल भुसाल ज्यूले तपसिल बमोजिक मन्तव्य,जिज्ञासा,राय तथा सुझाव व्यक्त गर्नु भयो ।**

वासलातको आकार १४ करोडले बढे पनि त्यो उत्साहप्रद छैन त्यसले ८९.८९ कारेडको घाटा प्रदर्शन गरिएको छ ।

- आम्दानी १.७४ करोडले घटेको छ ।
- घाटा गत आ.व.मा १९.८४ करोडको भएको छ ।

CITY HOTEL LTD. KATHMANDU

* चालु वर्षको प्रदर्शन पनि उद्योगतिमा  तिर छ ।

**सुझावहरु :**

क। सन्चित नोक्सानलाई पनि नगत ४ वर्षको नतिजा सित तुलना गर्न मिल्ने गरी वारचार्टमा देखाउनुहोस

ख। साधारण सभा पुसको अन्तिम सातामा होइन मंसिर महिना भित्रै गर्नुहोला । आज १०१२ कम्पनीको साधारण सभा छ शेयरधनीको उपस्थिति छलफल निष्तेज पाने गरी नगनुहोला । साथै कम्पनीको प्रगती गरोस भन्ने कामना गछु । प्रतिफल दिन सकोस भन्ने शुभेच्छा प्रकट गर्छ र सबैको जय होस ।

**३.लिखत रुपमा यस १० औ साधारण सभामा निम्नलिखित शेयरधनीहरुले आफ्नो सुझाव दिएको थियो ।**

**१.गोविन्द्र बहादुर के.सी व्यक्त भएका सुझाव तथा मन्तव्य बुदागतरुपमा**

* डेभिडेन्ट विनाको वार्षिक साधारण सभा लगानीकर्ताहरुको लागि खुशीको कुरा हुदै होइन ।
* वार्षिक साधारण सभा पुस मसान्तमा डाकेर लागनीकर्ताहरुलाई साधारण सभामा आउन बाट वंचित गरेको देखिन्छ ।
* आउदो वर्षको साधारण सभा मंसिर मसान्तभित्र गरिसक्न अध्यक्षज्यू मार्फत साधारण सभामा जोडदार माग गर्दछु ।
* वोर्ड र व्यवस्थापनले होटललाई कसरी फाइदामा लैजान सकिन्छ नेटवर्ट कसरी सकारात्मक गर्न त्यसतर्फ ध्यान दिन अनुरोध गर्दछु ।
* होटल सञ्चालनवाट हुने आम्दानी वढाउने तर्फ काम गर्नुहुन अनुरोध गर्दछु ।
  साथै सिटि होटलको उत्तरोत्तर प्रगतीको कामना साथ सभ्य भव्य तरिकाले वार्षिक साधारण सभा सम्पन्न होस भन्ने शुभकामना व्यक्त गर्दछु ।

४.त्यसै गरि शेयरधनी नरसिंह लाल चखूज्यूले वार्षिक प्रतिवेदनले पोग्रेस गर्दछ । वित्तिय ग्रफमा पनि सुधारकोक्रम जारी रहेकोछ । लगानीकर्ताको लागि डिभिडेण्ट दिन पहल गर्नुपर्छ । आम्दानीको श्रोत मजबुत बनाउदै जानुपर्छ । साथै होटलको प्रगतीको कामना गर्दछु भनी शुभकामना गर्नुभयो ।

५.शेयरधनी निरुपमा गुप्ताले लिखित रुपमा पठाएको व्यक्त भएका सुझाव तथा मन्तव्यको

* व्यवसाय विस्तार गरी Double digit growth हासिल गर्न स्पष्ट रणनीति तय गर्ने ।
* सेवा गुणस्तर तथा सञ्चालन व्यवस्थापन सुधार गर्न निरन्तर ध्यान दिन पर्ने ।
* कर्पोरेट सामाजिक उत्तरदायित्व कार्यक्रमहरूलाई शिक्षा, स्वास्थ्य तथा सामाजिक उत्तरदायित्वका क्षेत्रमा अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न  ।
* आगामी वर्षका लागि स्पष्ट कार्ययोजना, रणनीति तथा Investment Policy तयार गरी शेयरधनीलाई जानकारी गराउन  ।
* गत वर्ष ८० प्रतिशत हकप्रद शेयर जारी गरेर जम्मा गरेको रकमलाई केमा परिचालन गरियो त्यस कोषले पनि व्यवसायको घाटा कम गर्नमा योगदान किन दिएन ?

नयाँ तथा युवापुस्ताको सोच, ऊर्जा र अनुभवलाई उपयोग गर्दै शेयरधनीहरूको हितलाई केन्द्रमा राखी कम्पनीको समग्र प्रगति गर्न अनुरोध गरियो । शेयरधनीहरुको जिज्ञासा, सुझाव तथा मन्तव्य व्यक्त भै सकेपछि सभाको अध्यक्षता गर्नु भएका सञ्चालक समितिकका अध्यक्ष श्री शक्ति कुमार गोल्याण ज्यूको अनुमतिमा सञ्चालक सदस्य श्री हरिश्चन्द्र सुवेदीज्यूले सो जिज्ञासा र सुझावहरुको लागि शेयरधनी महानुभावलाई धन्यवाद ज्ञापन गर्दै समिष्टगत रुपमा जवाफ दिनुभयो । अध्यक्ष ज्युले सभामा उठेका प्रश्न, जिज्ञासा तथा सुझाव दिनु भए पश्चात सभाका विषयहरु निर्णयार्थ प्रस्तुत गरियो ।

CITY HOTEL LTD. KATHMANDU

Scanned with CamScanner

८.सभाका निर्णयहरु

(क) समान्य प्रस्ताव :

**निर्णय नं १: संचालक समितिको तर्फबाट अध्यक्ष ज्युले पेश गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा:**

प्रस्ताव नं १ उपर छलफल हुँदा यस सिटी होटल लिमिटेडको १० औं वार्षिक साधारण सभाको स्वागत मन्तव्य सहित कम्पनीको आर्थिक वर्ष २०८१।०८२ मा कम्पनीले गरी आएको विवरण साथै कम्पनीका भावी कार्यक्रम समेतको वार्षिक प्रतिवेदन सञ्चालक समितिका अध्यक्ष श्री शक्ति कुमार गोल्याण ज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मति बाट सञ्चालक समितिको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २ **यस कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१।०८२ को वार्षिक वित्तीय विवरण (वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटिमा भएको परिवर्तन सम्बन्धी विवरण लगायतको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसुचिहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा:**

प्रस्ताव नं २ को सम्बन्धमा छलफल हुँदा यस कम्पनीको लेखा परिक्षक श्री आइ.पी. मैनाली एण्ड एसोसिएट्सका चार्टड एकाउन्टेट श्री इन्द्र प्रसाद मैनालीले तयार गर्नु भएको आर्थिक वर्ष २०८१।०८२ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसुचिहरु पेश भएकोमा शेयरधनीहरु र प्रतिनिधि महानुभावज्यूहरुवाट सभामा विस्तृत छलफल गरी आर्थिक वर्ष २०८१।०८२ को लेखापरिक्षण प्रतिवेदन सभाले सर्वसम्मति वाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ कम्पनी ऐनको दफा १११ बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरिक्षण समितिको सिफारिस बमोजिम लेखापरिक्षकको नियूक्ति र पारिश्रमिक निर्धारण गर्ने ।**

प्रस्ताव नं ३ को सम्बन्धमा छलफल हुँदा यस कम्पनीको आर्थिक वर्ष २०८२।०८३ का लागि वासलात नाफा, नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको अनुसुचिहरुको लेखा परिक्षण प्रतिवेदन तयार गर्न लेखा परिक्षक **ए.एस.आर.एण्ड एसोसिएट्स**लाई लेखा परिक्षक नियुक्त गर्न लेखा परिक्षणको सिफारिस भएकोमा सो बमोजिम नियुक्ति गर्ने निर्णय भयो र निजको पारिश्रमिक रु ४,००,०००/-(अक्षरेपी रु चार लाख रुपैंया मात्र) मा मुल्य अभिवृद्धि कर (VAT) छुटै भुक्तानी गर्ने गरि लेखा परिक्षण पारिश्रमिक भक्तानी पाउने गरि कम्पनीको लेखापरिक्षकको रूपमा १० औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो।

(ख) विविध :

**१. कम्पनीको भवनको खाली ठाँउ जनता एग्रो एण्ड फरेष्ट्रि लिमिटेडलाई भाडामा दिने सम्बन्धमा ।**

यस प्रस्ताव उपर छलफल हुँदा यस कम्पनीको भवन नं २ को तश्रो र चौथौ तल्ला धेरै समय देखी खाली रहेको र उक्त खाली ठाँउलाई होटलको आम्दानी गर्नेको लागि भाडामा दिने गरि निर्णय गरि सञ्चालक समितिले उक्त खाली ठाउलाई भाडामा दिनको लागि आवश्यक काम कार्यवाहि गर्ने एक भाडा दिने सम्बन्धी उप समिति गठन गरि सो उपसमितिले मिति २०८२।७।०९ गते बैठक बसी १५ दिने सुचना राष्ट्रिय पत्रिकामा प्रकाशन गर्ने निर्णय भएको र मिति २०८२।०७।१८ गते प्रथम पटक सुचना प्रकाशन गरेको र उक्त १५ दिनमा एक मात्र कम्पनी जनता एग्रो एण्ड फरेष्ट्रि लिमिटेडले मात्र रु. २,२५,००० मा उक्त दुई तला भाडामा लिन इच्छा व्यक्त गरेकोले सो कम्पनीले प्रस्ताव पेश गरेको भाडा रकम कम भएकोले मिति २०८२।७।१४ गते पुन: उप-समितिले दोश्रो पटक ७ दिनको राष्ट्रिय पत्रिकामा सुचना प्रकाशत गरेमा सो म्यादमा कसैले पनि उक्त तला

CITY HOTEL KATHMANDU

भाडामा लिन प्रस्ताव पेश नगरेकोले उक्त तलालाई खाली राख्नु भन्दा भाडामा लगाउन नै कम्पनीको हितमा हुने भएकोले पहिलो सूचना बमोजिम भाडामा लिन प्रस्ताव पेश गर्ने जनता एग्रो एण्ड फरेष्ट्रि लिमिटेड सँग वार्तावाट सके सम्म बढी दरमा भाडामा दिने निर्णय भएकोले उक्त कम्पनीसँग वार्ता गर्दा रु. ३,००,०००।(अक्षरुपी रु तिन लाख) भन्दा वढी दिन नसक्ने र सो रकम भन्दा वढीमा भए भाडामा नलिने भनेकोले सो रकममा उक्त तला भाडामा दिदा कम्पनीको आम्दानी हुने नभए खाली भई कम्पनीको खर्च मात्रै बढ्ने भएकोले कम्पनीको हितलाई ध्यानमा राखी उक्त कम्पनीलाई भाडामा दिदा कम्पनी ऐन, २०६३ को दफा ९३ को अवस्था विद्यमान भएकोले यस कम्पनी र जनता एग्रो एण्ड फरेष्ट्रि लिमिटेड सँग उक्त तला भाडामा लगाउने सहमती भएकाले सहमती पत्र सभा समक्ष प्रस्तुत गरिएकोमा मिति २०८२।०९।२८ को सहमति पत्र लाई पारित गरिदिनु हुन यस सभा समक्ष प्रस्तुत गरेकोमा सो सहमति सभाले ताली बजाएर पारित गर्ने निर्णय गयो। साथै उक्त सहमतीमा उल्लेख भएका शर्त सहित अन्य आवश्यक कम्पनीको हितमा हुने शर्त समेत राखी अन्तिम सम्झौता गर्न र अन्य आवश्यक काम कारवाही गर्न सञ्चालक समितिलाई समेत अख्तियारी दिने निर्णय गरियो ।

**धन्यवाद ज्ञापन तथा सभा समापन**

अन्त्यमा, सभाका सभापतिबाट साधारण सभामा सहभागिता जनाउनु हुने सम्पूर्ण शेयरधनी तथा कम्पनीको निमन्त्रणा स्वीकार गरी सभामा उपस्थित महानुभावहरु साथै यस सभालाई सम्पन्न गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै १० औ वार्षिक साधारण सभा समापन भएको घोषण गर्नुभयो ।

CITY HOTEL LTD. KATHMANDU

Scanned with CamScanner